# रिड निर्देशिका:

**१. पुस्तकालयको आकार :**

रिडद्वारा सहयोग गरिने सामुदायिक पुस्तकालयका पुस्तकहरु कम्तिमा ३००० हजारको संख्यामा एक वा दुई कर्मचारिको व्यवस्था भएको र स्थानीय समुदायवाट पूर्ण रुपमा संचालन गर्न सक्ने हुनु पर्दछ ।

**२. ग्रामीण वा शहरी क्षेत्र ?**

रिडले पुस्तकालय खोल्न ग्रामीण क्षेत्र (गा.वि.स.) लाई मात्र सहयोग पुर्‍याउँछ । शहरी क्षेत्रहरु (नगरपालिका) का हकमा भौगोलिक स्थिति र त्यसवाट हुने सहयोगका आधारमा कार्य क्षेत्र भित्र राख्न सकिने छ ।

**३. पुस्तकालयको नाम :**

रिडद्वारा सहयोग गरिने पुस्तकालयको नामको पछाडि सामुदायिक शब्द हुनुपर्ने छ ।

**४.आत्मनिर्भरता :**

रिडले सहयोग गर्दा सर्वप्रथमत पुस्तकालय संचालनमा निरन्तरता ल्याउन कर्मचारिको तलव वा पारिश्रमिक, भवन, फर्निचर आदिको मर्मत संभार पत्रपत्रिका नियमित तवरले खरिद प्रत्येक छ महिना वर्ष वा समयानुकूल पुस्तक खरिद मसलन्द र कार्यक्रमको खर्चको लागि चाहिने रकम नियमित रुपमा दिन सक्ने कुनै योजना वा आय दिने आत्मनिर्भर योजना छ छैन हेर्दछ । आत्मनिर्भर योजना भन्नाले पुस्तकालयको लागि निरन्तर रुपमा आम्दानी दिन सक्ने काम हो । आत्मनिर्भर योजनाको पनि विस्तृत विवरण पेश गर्नु आवश्यक पर्ने छ यस्ता योजनाहरु (Scheme) सरल किसिमको हुनुपर्दछ ।

क. गाउँले जनताको संस्कृति, धर्म, वातावरण आदिमा प्रतिकूल असर नपार्ने,
ख. ग्रामीण जनतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा फाइदा पुर्‍याउने वा काममा सफलता ल्याउने,
ग. पुस्तकालय प्रबन्ध समितिले संचालन गर्नुपर्ने हुँदा संचालन प्रक्रिया जटिल नभएको,
घ. यस्तो योजना धेरै खर्चिलो वा धेरै पुँजी आवश्यक नपर्ने र अन्य श्रोतहरु जुटाउन तथा अनुमति लिन कठिन नभएको,
ङ. कम्तिमा महिनाको रु. ८,००० (आठ हजार) आम्दानी दिन सक्ने,
च .दिर्घकालीन रुपमा चल्न सक्ने हुनु पर्दछ ।

**५.सार्वजनिक वा निजी :**

रिडले सार्वजनिक वा सामुदायिक पुस्तकालयलाई मात्र सहयोग गर्दछ । यसले कुनै संस्था, विद्यालय, क्याम्पस, सरकारी पुस्तकाय स्थापना गर्न सहयोग गर्दैन तर तालिम र अन्य सर-सल्लाहको सहयोग भने दिन सक्दछ ।

**६.प्रवन्ध समिति र प्रतिनिभित्वः**

पुस्तकालय समिति गठन गर्दा समुदाय सवैको प्रतिनिभित्व हुनु पर्दछ। विद्यार्थी, शिक्षक, किसान, कर्मचारी, व्यापारी, समाजसेवी आदि मध्यबाट र उनीहरुसंगको सल्लाहबाट नै गठन गर्न आवश्यक छ । गा.वि.स.भित्र रहेको गैर सरकारी संस्था, स्थानीय गा.वि.स., विद्यालय वा अन्य सरकारी निकायको प्रतिनिधिहरुलाई पदेन सदस्य वा सल्लाहकार समितिको सदस्यमा पनि राख्न सकिने छ । समाजसेवा वा अन्य क्षेत्रमा देशमा ख्याति प्राप्त ब्यक्ति वा ब्यक्तिहरुको समूह वा संस्था संरक्षक रहन चाहेमा सो अनुसार गर्न पनि सकिन्छ । प्रवन्ध समितिमा कम्तिमा पनि २५ प्रतिशत महिलाको प्रतिनिधित्व हुन आवश्यक छ ।

**७. मानवीय विकास र प्रजातान्त्रिक :**

रिड शिक्षा क्षेत्र मार्फत प्रजातन्त्र र मानव विकाशमा सहयोग गर्ने संस्था हो तापनि पुस्ताकालय विभिन्न राजनैतिक पार्टीहरुको कृडा स्थल वा द्वन्दको स्थल होस भन्ने चाहदैन बरु सबै साजनैतिक पार्टीहरुको सहयोगमा एउटा स्वच्छ शैक्षिक र सामुदायिक विकास केन्द्रको रुपमा होस भन्ने चाहन्छ ।

**८.अन्य निकायको सहयोग :**

अन्य संघ संस्था वा निकायबाट प्राप्त गरिने सहयोगको हकमा त्यहाँको आधिकारीक पत्र जरुरी छ । सहमती पत्रमा हस्ताक्षर गर्नु अगाबै नगद भए पस्तकालयको बैंक खातामा जम्मा भएको कागज पत्र र अन्यको हकमा संबन्धित निकायको प्रतिबद्धता पत्र आवश्यक हुनेछ ।

**९.सहयोगको सीमा :**

रिडले हाल भैरहेको वा खोलिने पुस्तकालयलाई के कति सहयोग गर्ने भन्ने कुरा त्यहाँको परिस्थतिमा नै निर्भर गर्दछ । यसले सम्पूर्ण वा आंशिक सहयोग गर्न पनि सक्दछ ।

**१०.समुदायको सहभागिता :**

परियोजना प्रस्ताव स्वीकृत हुने नहुने भन्ने कुरा सामुदायिक सहभागिता (community Participation) मा भर पर्दछ । सामुदायिक सहभागिता बढी भएको परियोजना प्रस्तावलाई बढी प्राथमिक्ता दिइने छ । ग्रामीण क्षेत्रमा कम्तिमा १५ प्रतिशत र शहरी क्षेत्रमा कम्तिमा २५ प्रतिशत नगद सहयोग जुटाउनु आवश्यक छ ।

**११.पुस्ताकालय संचालन गर्दा स्थानीय सरकारसंगको संबन्ध ?**

गाँउ विकास समिति, जिल्ला विकास समिति वा कानून नियम अनुसार तोकिएको अन्य निकाय संगको स्वीकृती, सहयोग र समन्वयमा पुस्ताकालय स्थापना र संचालन गर्नु आवश्यक हुनेछ ।

**१२.दर्ता र आवद्धताः**

प्रमुख जिला अधिकारीको कार्यालय, जिल्ला शिक्षा कार्यालय वा अन्य तोकिएको निकायसंग दर्ता आवद्धता बेगर रिडले पुस्ताकालयसंग कुनै सम्झौता नगर्नै हुंदा सो अगाबै आवश्यक प्रक्रिया पूरा गरि सक्नु पर्ने छ ।

**१३.रिड : दाता वा सहयोगी ?**

रिड पुस्ताकालय स्थापनाको लागि दाता भन्दा पनि सहयोगिको रुपमा हुनेछ । तसर्थ प्रस्ताव तयार गर्दा कुनै सरकारी, स्वदेशी वा विदेशी संघ संस्था, समुदायबाट स्रोत, साधन, श्रम आदि जुटाउनु पर्ने छ । यसले कर्मचारीको तलव, घर भाडा, जग्गा खरिद ब्याजदर लगानी आदि जस्ता कार्यको लागि कुनै पनि हालतमा सहयोग गर्दैन ।

## १४. सहयोगको समय र अवधि :

रिडले एकपटक मात्र आर्थिक सहयोग गर्दछ । पटक-पटक गरिरहदैन । तर उदेश्य अनुरुप संचालन भएनभएको र समुदायलाई फाइदा पुगे नपुगेको हेरि सल्लाह र तालिम भने संचालनको ५–७ वर्ष पछि सम्म पनि गर्न सक्नेछ ।

## १५.छनौट प्रक्रिया :

परियोजना प्रस्तावहरु छनौट गर्ने रिडका आफ्नै प्रक्रियाहरु छन् । जस मध्ये प्रस्तावमा उल्लेख गरिएका कुराहरु व्यवहारिक छन-छैनन्, समुदायको आवश्यकता र रुची छ-छैन तथा अन्य विभिन्न कुराहरुको अध्ययन र समुदायको मानिसहरु संग भेटघाट गर्न रिडका कर्मचारीहरु बाट स्थलगत भम्रण गर्ने छन । यस्ता भ्रमण एक पटक वा पटक पनि हुन सक्नेछ ।

## १६. प्रस्ताव स्वीकृति :

परियोजना प्रस्ताव स्वीकृत हुन महिनौ वा केही वर्ष पनि लाग्न सक्दछ । प्रस्ताव पेश गर्ने समिति, ब्यक्ति वा संस्थाहरुलाई फोन, फ्याक्स वा हुलाकी पत्रको माध्याम बाट स्वीकृत भए नभएको जानाकारी गरिनेछ ।

अन्त्यमा, रिड एउटा नेपाल र नेपाली प्रेमी ब्यक्ति तथा संस्थाहरुको सहयोगमा संचालित सानो अमेरिकी गैर सरकारी संस्था हो । यसका सहयोगी र दाताहरु आफ्नो सहयोग रकम पूर्ण रुपमा सदुपयोग भएको हेर्न चाहान्छन । तसर्थ रिडले प्राथमिकता, उपलब्ध स्रोत र व्यवहारिकताको आधारमा (बजेट कार्यक्रम आदि ) परियोजना स्वीकृत गर्दछ ।

थप कुराहरु स्पष्ट हुन चाहेमा कृपया निम्न ठेगानामा सर्म्पक राख्नु होला -

**Rural Education And Development**
**P.O.Box: 11995**
**Dasarath Chand Marg 524, Baluwatar-4, Kathmandu**
**Tel: 4423141/4439858**
**Fax: 4430017**
**E-mail: read@info.com.np**